# ११ अन्तिम दिनमा हुने घट्नाहरू

*यस अध्यायका मूल पदहरू:* प्रस्थान १९:५,६, मत्ती २३, यूहन्ना १२:२०-२६, मत्ती २४ र १ थेस्सोलिनी ४:१६।

*यस अध्यायको मूल सार पद:* "यदि कोही आफ्नो भाऊ खोज्न आफूलाई उचाल्छ भने त्यसलाई गिराउनेछ। जो मानिस नम्र भएर आफू गिरेर बस्छ भने त्यसलाई माथि उचालिनेछ।" (मत्ती २३:१२ रूपान्तरित)।

प्रत्येक येशूभक्तको लक्ष्य भनेको येशूको महिमित र तेजस्विमय आगमनको प्रतिक्षामा एकाग्रह भएर बस्नु हो। येशूको प्रथम् आगमन र उहाँको मृत्युले उहाँको दोस्रो आगमनलाई औंल्याउँछ। पहिलो आगमन नभइ दोस्रो आगमन हुनसक्दैनथ्यो। दोस्रो आगमनबिना पहिलो आगमनको कुनै अर्थ हुँदैन। एक आपसको दुवै गाँठोलाई छुट्याउन सकिंदैन। ती दुवैको लक्ष्य भनेको मानिसलाई मुक्ति दिइ पापबाट उद्धार गर्नु र येशू ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् मतभेदको संग्रामलाई अन्त गर्नु हो। पहिलो आगमन भयो र त्यसको लक्ष्य पूरा भयो। पहिलो आगमनले गर्नुपर्ने काम सम्पन्न भयो। अब हामी सबै जना उत्सुकतासाथ दोस्रो आगमनको लागि पर्खिरहेका छौं।

मुक्तिको निम्ति येशूलाई ग्रहण गर्न यहूदी अगुवाहरूलाई येशूले गर्नुभएको अन्तिम आग्रह यस अध्यायमा हामी नियाल्नेछौं। येशू चाहनुहुन्छ कि तिनीहरूले आफूहरू धर्मात्मा छु र अब्राहमको सन्तान भएकोले तिनीहरूको मुक्ति सुरक्षित छ भन्ने गलत धारणाबाट पश्चाताप गर्दै उहाँमात्रै तिनीहरूको मुक्तिको केन्द्रबिन्दु हुनुहुन्छ भनेर स्वीकार गरोस्। अनि उहाँको दोस्रो आगमनभन्दा पहिला कस्ता कस्ता घट्नाहरू हुनेछ भनेर चेलाहरूले गरिएको प्रश्नको जवाफ मत्ती २४मा हामी हेर्नेछौं। यहाँ येशूले अत्यन्त गम्भिर चित्रण गर्नुभएको हुन्छ। यरुशलेमको नाशसँग आफ्नो दोस्रो आगमनपूर्व हुने घट्नाहरू उहाँले जोड्नुहुन्छ।

यस संसारमा हुने युद्ध, अनिकाल, एक आपसमा गरिने गद्दारी, अनेकौं आतङ्ककारी तत्वहरूले हामीहरूको जीवनलाई जतिसुकै मुश्किल बनाएतापनि मानिसको पुत्रको स्वर्गको बादलहरूबाट ठूलो शक्ति र महान् महिमाको साथ आउनुहुने प्रतिज्ञा हामीहरूलाई छोडिएको छ (मत्ती २४:३०)। अर्थात् यस

संसारमा हामीहरूमा दुःख, कष्ट, कठोर जीवन र बेदना भएतापनि येशूको दोस्रो आगमनको प्रतिक्षाले गर्दा हामीमा हर्षको किरणले भरिरहन जायज छ।

## १. अन्धा अगुवाहरू (मत्ती २३)

आफ्ना बलियो हात र फैलिएका पाखुराहरूले इस्राएलका सन्तानहरूलाई यरुशलेममा येशूले डोऱ्याउनुभएको थियो। चीलका पखेटाहरूमा राखिएको जस्तो उहाँले तिनीहरूलाई इजिप्तबाट बोकेर ल्याउनुभयो र आफूसँग राख्नुभयो। उहाँले भन्नुभएको थियो, "संसारका सबै राष्ट्रहरूको बीचमा तिमीहरू मेरो बहुमूल्य सम्पत्ति हुनेछौ। सारा पृथ्वी मेरै हो....तर तिमीहरू मेरो पवित्र राष्ट्र हुनेछौ।" (प्रस्थान १९:५,६ रूपान्तरित)।

मानौं बैबाहिक गठबन्धनमा बाँध्न प्रस्ताव राखेको जस्तै येशूले सिनैको सुन्दर पहाडमा इस्रायलीहरूलाई आफ्नो बनाउन प्रस्ताव गर्नुभएको थियो। प्रस्थान २४:९-११ले भन्दछः "९ त्यसपछि मोशा, हारून, नादाब, अबीहू र इस्राएलका धर्म-गुरुहरूमध्ये सत्तरी जना माथि उक्ले, १० र इस्राएलका परमेश्वरलाई देखे। उहाँका खुट्टामुनि नीरले छापेको, आकाशजस्तै सफा भएको पेटीजस्तो थियो। ११ तर उहाँले इस्राएलीहरूका नाइकेहरूका विरुद्धमा आफ्नो हात उठाउनुभएन, र तिनीहरूले परमेश्वरलाई देखे र खानपिन गरे।" जसरी प्रेमिकालाई कचौरा दिएर बिवाहको प्रस्ताब राख्दछ त्यसरी नै ख्रीष्टले इस्राएलीहरूलाई आफ्नो सम्झौताको कचौरा प्रदान गर्नुभएको थियो ताकि तिनीहरूको भविष्य उज्ज्वल होस्। इस्राएलीहरूले त्यो कचौरा लिएर भन्यो कि "हुन्छ प्रभु, प्रतिज्ञा गरिएको देशमा हामी तपाईंसँग सदासर्वदा रहन चाहन्छौं।"

त्यस पृष्ठभूमिलाई मनमा राख्दै मत्ती २३ अध्याय पढ्नुहोस् र देहायका प्रश्नहरूलाई सोच्नुहोस्ः इस्राएलका अगुवाहरूलाई येशूले के सम्बोधन गरिरहनुभएको छ? त्यहाँ के चेतावनी दिइएको छ? येशूले तिनीहरूलाई हप्काउनुभएको सन्दर्भमा त्यसबाट हामीले पनि के पाठ सिक्नुपर्छ? हामी पनि यहूदी धर्मगुरू तथा अगुवाहरूको दोषमा सहभागी नहोऔं भनेर कसरी निश्चित हुने? हेर्नुहोस्ः "१ तब येशूले भीड़हरू र आफ्ना चेलाहरूलाई यसो भन्नुभयोः २ "शास्त्रीहरू र फरिसीहरू मोशाको आसनमा बस्तछन्। ३ यसकारण तिनीहरूले भनेका कुरा गर र मान, तर तिनीहरूले गरेजस्तो चाहिं नगर, किनकि तिनीहरूले शिक्षा त दिन्छन्, तर त्यसअनुसार आफै चल्दैनन्। ४ तिनीहरूले गह्रौं र बोक्न नसक्ने भारी बाँधेर मानिसहरूका काँधमा राखिदिन्छन्। तर

तिनीहरू आफैचाहिँ ती उठाउनलाई एक औँलाले पनि छुँदैनन्। ५ "तर
तिनीहरू आफ्ना सारा काम मानिसहरूलाई देखाउनलाई गर्दछन्। किनभने
तिनीहरू आफ्ना निधार र नाडीमा व्यवस्था-पत्री ठूला बनाउँछन्, र आफ्ना
वस्त्रका झुम्काहरू लम्म्याउँछन्, ६ भोजहरूमा तिनीहरू सम्मानका स्थान र
सभाघरहरूमा प्रमुख आसनहरू मन पराउँछन्, ७ बजारहरूमा अभिवादन
खोज्छन् र मानिसहरूले गुरु भनेका रुचाउँछन्। ८ "तर तिमीहरूलाई कसैले
'गुरुज्यू' नभनोस्, किनकि तिमीहरूका शिक्षक एउटै हुनुहुन्छ, र तिमीहरूचाहिँ
सबै दाजुभाइ हौ। ९ तिमीहरू पृथ्वीमा कसैलाई आफ्ना पिता नभन, किनकि
स्वर्गमा तिमीहरूका एउटै पिता हुनुहुन्छ। १० तिमीहरूलाई कसैले 'मालिक'
नभनोस्, किनकि तिमीहरूका एकमात्र मालिक ख्रीष्ट नै हुनुहुन्छ। ११
तिमीहरूमध्ये जो सबैभन्दा उच्च छ, त्यो तिमीहरूको सेवक हुनेछ। १२ जसले
आफूलाई उच्च पार्छ, त्यो होच्याइनेछ, र जसले आफूलाई होच्याउँछ, त्यो उच्च
पारिनेछ। १३ "धिक्कार, तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि
तिमीहरू मानिसहरूका सामुन्ने स्वर्गका राज्यको ढोका बन्द गर्दछौ। तिमीहरू
न त आफै पस्तछौ, न पस्न चाहनेहरूलाई पस्न दिन्छौ। [ १४ "धिक्कार
तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू विधवाहरूका घर
खाइदिन्छौ, र लामो-लामो प्रार्थना गर्ने भान पार्दछौ। यसैले अरूले भन्दा
तिमीहरूले ज्यादा दण्ड पाउनेछौ।] १५ "धिक्कार तिमीहरूलाई, शास्त्री र
फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू एक जनालाई आफ्नो मतमा ल्याउनलाई
समुद्र र जमिन चहार्दछौ, र त्यो तिमीहरूको मतमा आएपछि त्यसलाई
आफूभन्दा दोबर नरकको छोरो बनाउँछौ। १६ "धिक्कार तिमीहरूलाई, अन्धा
अगुवा हो, जसले भन्दछौ, 'कसैले मन्दिरको शपथ खाँदा केही हुँदैन, तर
मन्दिरका सुनको शपथ खाँदा त्यस शपथले बाँधिनेछ।' १७ मूर्ख र अन्धा हो,
कुनचाहिँ ठूलो हो? सुन कि सुनलाई पवित्र पार्ने मन्दिर? १८ 'कसैले वेदीको
शपथ खाँदा केही हुँदैन, तर त्यसमाथि राखिएको भेटीको शपथ खाँदाचाहिँ
शपथले बाँधिनेछ।' १९ ए अन्धा हो, कुनचाहिँ ठूलो हो? भेटी कि भेटीलाई
पवित्र पार्ने वेदी? २० यसकारण वेदीको शपथ खानेले वेदीको र त्यसमाथिका
सबै थोकको शपथ खान्छ। २१ मन्दिरको शपथ खानेले मन्दिर र त्यसभित्र
वास गर्नुहुनेको शपथ खान्छ। २२ स्वर्गको शपथ खानेले परमेश्वरका
सिंहासनको र त्यसमाथि विराजमान हुनुहुनेको शपथ खान्छ। २३ "धिक्कार
तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू पुदीना र सूँप र

जीराको दशांश दिन्छौ, तर व्यवस्थाका गहकिला विषयहरू, अर्थात् न्याय, दया र विश्वासको अवहेलना गरेका छौ। तिमीहरूले दशांश दिने काम गर्नुपर्नेथियो, अनि ती गहकिला विषयहरूको अवहेलना नगर्नुपर्नेथियो। २४ अन्धा अगुवा हो, तिमीहरू भुसुना चाल्दछौ, तर ऊँटलाई चाहिँ निलिहाल्दछौ। २५ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनभने तिमीहरू कचौरा र थालको बाहिरपट्टि माझ्दछौ, तर भित्रपट्टि भने ती लोभ र असंयमले भरिएका हुन्छन्। २६ अन्धा फरिसी हो, पहिले कचौरा र थालको भित्रपट्टि सफा पार, र तिनको बाहिरपट्टि पनि सफा होस्। २७ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू चून लाइराखेका चिहानहरूजस्ता छौ, जो बाहिरपट्टि सुन्दर देखा पर्छन्, तर भित्रपट्टि भने मरेका मान्छेहरूका हाड़हरू र सबै अशुद्धताले भरिएका हुन्छन्। २८ यसरी नै तिमीहरू पनि बाहिर भने मानिसहरूका सामुन्ने धर्मी देखा पर्दछौ, तर भित्र भने कपट र दुष्टताले भरिएका छौ। २९ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू अगमवक्ताका चिहानहरू बनाउँछौ, र धर्मीहरूका स्मारकलाई सिङ्गार्छौ, ३० र भन्दछौ, 'हामी आफ्ना पुर्खाहरूका समयमा भए ता हामी अगमवक्ताहरूको रगत बहाउनमा उनिहरूसँग सहभागी हुनेथिएनौं।' ३१ यसरी तिमीहरू अगमवक्ताहरूलाई हत्या गर्नेका सन्तान हौ भन्ने प्रमाण तिमीहरू आफै दिन्छौ। ३२ तिमीहरूका पुर्खाहरूले गरेका पापको काम पूरा गर। ३३ "सर्पहरू, साँपे सर्पका बच्चा हो, तिमीहरू नरकको दण्डदेखि कसरी उम्कनेछौ? ३४ यसकारण म तिमीहरूकहाँ अगमवक्ताहरू, बुद्धिमान् मानिसहरू र शास्त्रीहरू पठाउँछु। तिनीहरूमध्ये कति जनालाई तिमीहरूले मार्नेछौ र क्रूसमा टाँग्नेछौ, र कति जनालाई आफ्ना सभाघरहरूमा कोर्रा लगाउनेछौ, र सहर-सहर हुँदो सताउनेछौ। ३५ पृथ्वीमा बगाइएको सब धर्मी जनको रगत– निर्दोष हाबिलको रगतदेखि लिएर बेरेक्याहका छोरा जकरियाको रगतसम्म, जसलाई तिमीहरूले पवित्रस्थान र वेदीका बीचमा हत्या गर्‍यौ– सो तिमीहरूकै टाउकामा पर्नेछ। ३६ साँच्चै, म तिमीहरूलाई भन्दछु, यी सबै कुरा यसै पुस्तामाथि आइपर्नेछन्। ३७ "ए यरूशलेम, ए यरूशलेम, तँ जसले अगमवक्ताहरूलाई मार्ने र तँकहाँ पठाइएकाहरूलाई ढुङ्गाले हान्ने! जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट तेरा बालकहरूलाई बटुल्ने इच्छा गरें, तर तैंले मानिनस्। ३८ हेर, तिमीहरूको घर

उजाड छोडिएको छ। ३९ किनभने म तिमीहरूलाई भन्दछु, 'परमप्रभुको नाउँमा आउने धन्यका हुन्' नभनेसम्म तिमीहरूले मलाई देख्नेछैनौ।"

आफूले अति माया गर्ने जाति इस्राएलसँग पुनर्मिलन र शान्ति सम्झौता गर्न येशूले गर्नुभएको अन्तिम हृदयबिधारक अनुरोध मत्ती २३मा कोरिएको छ। तर उहाँले प्रेम गर्ने जनहरूले उहाँलाई त्यागदछन्। तिनीहरूको आत्मनिर्णयलाई येशूले स्वीकार्नुहुन्छ र अन्तिम पटक उहाँ तिनीहरूको घर वा मन्दिरबाट यसो भन्दै बाहिरिनुहुन्छ, "हेर तिमीहरूको घर अब खाली भएको छ" (मत्ती २३:३८ रूपान्तरित)। जब येशूले मन्दिर छोड्नुहुन्छ तब त्यो मन्दिर उजाड स्थान जस्तै खाली हुन्छ जसबाट परमेश्वरले पहिला तिनीहरूलाई उद्धार गर्नुभएको थियो।

मुक्तिको इतिहासमा भयङ्कर फड्को मार्ने बेला भएको थियो। आफूहरू र जनमानसलाई गलत निर्णय गर्दै डोऱ्याउने ती अगुवाहरूले त्यस परिवर्तनमा सहभागी हुने अवसर गुमाउनेभएका थिए। फेरि त्यसैबखत चाहे यहूदी हुन् चाहे अन्यजाति वा गैर-यहूदी हुन् तिनीहरू अब पवित्र आत्माको अगुवाईको निम्ति तिनीहरूको मनको ढोका खोलाइनेभएको थियो। ती दुवै समूहहरू मिलेर संगसंगै काम गर्दै इस्राएल वा यहूदी राष्ट्रलाई परमेश्वरतिर फर्कन आह्वान गरिनै रहनेछ। तिनीहरू अब्राहमको सही सन्तान हुनेछन् जो प्रतिज्ञा अनुसार अनन्त जीवनको पनि हिस्सेदार हुनेछन् (गलाती ३:२९ रूपान्तरित)। आज हामी पनि त्यही मानिसहरूमा सहभागी भएर बसिरहेका छौं। र परमेश्वरले यहूदी जातिहरूलाई अरूहरूको सामु परमेश्वरको निम्ति चम्कने काम दिएको जस्तै हामीलाई पनि त्यही काम दिइएको छ।

## २. संसारको अन्तिम क्षणका चिन्हहरू (मत्ती २४:१-१४)

येशूलाई ग्रहण नगर्ने केही यहूदी अगुवाहरूलाई उहाँले हप्काउनुहुन्छ। येशूले यहूदीहरूलाई हप्काउनुभएपछि यूहन्ना १२:२०-२६मा एक रोचक अनुरोध उल्लेख गरिएको छ। गैर-यहूदी वा अन्य जाति अर्थात् बिदेशीहरूले येशूको दर्शन गर्न चाहेको अनुरोध चेलाहरूले उहाँकहाँ पुऱ्याउँछन्। ती अन्यजातिहरूले पहिला यहूदीहरूकहाँ जान्छन् जो येशूप्रति बफादारी थिए। पछि त्यही खालका अनुरोध भइन्छ तर विस्तृत रूपमा। कतिपय यहूदीहरूले येशूलाई ग्रहण नगरेतापनि कतिपयले गैर-यहूदी अर्थात् अन्यजातिहरूलाई येशूकहाँ चिनाउन लान्छन्। यो रोचक छ कि येशूले यहूदी अगुवाहरूलाई तिनीहरूको घर खाली हुनेछ भनेर हप्काउनुभएको लगत्तै पछि अन्य जाति वा बिदेशीहरू आएर उहाँको

**दर्शन गर्न अनुरोध गर्दछन्। पुरानाहरू हटिन्छन् र त्यसको ठाउँमा नयाँले लिन्छन्। मुक्ति भनेको केवल यहूदी जातिहरूको निम्ति मात्र नभएर अन्य जाति वा सारा जातिहरूको निम्ति हुने परमेश्वरको योजना सधैं थियो।**

येशूप्रति बफादारी रहने विश्वासीहरू र सारा संसारको निम्ति कस्तो चित्र येशूले उघार्नुभएको छ सो मत्ती १४:१-१४मा हेर्नुहोस्: "१ त्यसपछि येशू मन्दिरबाट निस्केर जान लाग्नुहुँदा उहाँका चेलाहरू उहाँलाई मन्दिरका भवनहरू देखाउन भनी उहाँको नजिक आए। २ तर उहाँले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूले यी सब देख्छौ, होइन त? साँच्चै, म तिमीहरूलाई भन्छु, 'एउटा ढुङ्गामाथि अर्को ढुङ्गा रहनेछैन, प्रत्येक भत्काएर फालिनेछ।" ३ येशू जैतून डाँड़ामा बस्नुहुँदा चेलाहरू एकान्तमा उहाँकहाँ आएर सोधे, "हामीलाई भन्नुहोस्, यी कुरा कहिले हुनेछन्, र तपाईंको आगमन र यस युगका अन्त्यको चिन्ह के हुनेछ?" ४ तब येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "होशियार रहो, कसैले तिमीहरूलाई भ्रममा नपारोस्। ५ किनभने धेरै जना मेरो नाउँमा 'म ख्रीष्ट हुँ' भन्दै आउनेछन्, र धेरैलाई बहकाउनेछन्। ६ तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ। नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर अन्त्य त त्यत्ति नै बेला हुँदैन। ७ किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य उठ्नेछ, र ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन्। ८ तर यी सब त प्रसववेदनाको सुरु मात्र हो। ९ "तब तिनीहरूले तिमीहरूलाई सङ्कष्टको लागि सुम्पिदिनेछन्, र तिमीहरूलाई मार्नेछन्, र मेरो नाउँको खातिर सबै जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन्। १० तब धेरै जना भड्केर जानेछन्, र ठेस खानेछन्, र एउटाले अर्कालाई विश्वासघात गरेर सुम्पिदिनेछ र घृणा गर्नेछ। ११ धेरै झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र धेरैलाई बहकाउनेछन्। १२ दुष्टता बढ़ेको हुनाले धेरैको प्रेम सेलाएर जानेछ। १३ तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ। १४ अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ।"

**येशूका चेलाहरूले संसारको अन्तिम दिन र उहाँको आगमनपूर्व हुने घट्नाहरूको बारेमा जिज्ञासा गर्दा उपरोक्त जवाफ दिनुभएको थियो। "यरुशलेमको नाश र उहाँको आगमनको महान् दिनलाई अलग्गै राखेर येशूले चेलाहरूलाई जवाफ दिनुभएको थिएन। ती दुवै घट्नाहरूलाई एकै ठाउँमा जोड्नु भएको थियो। यदि येशूले नै देख्नुभएको घट्ना अनुसार उहाँले**

चेलाहरूलाई भन्नुभयो भने तिनीहरूले बुझ्न सक्दैनथ्यो। तिनीहरूको बुझ्ने क्षमताप्रति संवेदनशील भएर नै येशूले ती दुवै महान् शङ्कटहरू एकै ठाउँमा मिसाउनुभएको थियो ताकि तिनीहरूको अर्थ तिनीहरू आफैले अध्ययन गरेर बुझ्नु....मत्ती २४को पूरा प्रवचन चेलाहरूको निम्ति मात्र नभएर पृथ्वीको इतिहासको अन्तमा रहने मानिसहरूको निम्ति पनि थियो।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ६२८बाट रूपान्तरित।

येशूको जवाफमा एउटा कुरो स्पष्ट थियोः उहाँ फर्किने बेलासम्ममा हुने घट्नाहरू रमाइलो खालका नभएको पाइएको छ। जतिसुकै मानिसहरूले बिभिन्न बाद वा दर्शनहरूद्वारा यस संसारमा स्वर्ग वा शान्ति हुने वकालत गरेतापनि येशूले त्यसको बिपरित देख्नुभएको थियो। युद्ध, एक आपसमा गद्दारी, भिषण प्राकृतिक प्रकोप, भयानक रोगव्याधी, चर्चले आक्रमणको सामना गर्नुपर्ने, झुठा ख्रीष्टहरू, भविष्यवक्ताहरू वा उद्धारकर्ताहरू र चर्चकै नाउँमा पाखण्डी तथा झुठा अगुवाहरूको ओइरो लाग्ने जस्ता संसारमा हुने बिकराल चित्रहरू येशूले देख्नुभएको थियो। तर ती सबैमा सबभन्दा सकारात्मक कुरो त यो थियो कि सारा संसारमा परमेश्वरको राज्य गवाहीको रूपमा फैलाउनेछ (अर्थात् मानिसहरूले संसारको पापमा फसेर नाश हुने कि येशूलाई विश्वास गरेर उहाँको राज्यमा पस्ने निर्णय गर्ने अधिकार सबैलाई प्रदान गरिनेछ) (मत्ती २४:१४)।

मत्ती २४:१३मा येशूले भन्नुहुन्छ "जो मानिस अन्तसम्म अडिग भएर बस्छ त्यसले उद्धार पाउनेछ।" (रूपान्तरित)। अनेकन् समस्या वा दुःखकष्टले तपाईंको आत्मिक जीवनलाई नझार्न तपाईं कसरी बलियो भएर बस्ने? कतिपय इसाईहरू अलिकति केही तकलिफ आयो कि वा आफ्नो चाहना अनुसार चर्चले हेरेन कि चर्च छोडेको वा परमेश्वरमाथिको विश्वासलाई त्यागेको हामी हेरिरहेका छौं। हामीलाई पनि त्यो नहोला भन्न किन सकिन्दैन?

## ३. यरुशलेमको पतन (मत्ती २४:१५-२२)

मत्ती २४:१५-२२ पढ्नुहोस्। यहाँ फेरि येशूले के बताइरहनुभएको छ। फेरि चेलाहरूको जिज्ञासमा उहाँले यस संसारको कस्तो चित्र देखाउनुभएको छ? हेर्नुहोस्, "१५ "अगमवक्ता दानिएलले 'मन्दिरको पवित्र ठाउँमा घिनलाग्दो कुरा राखिएको हुनेछ' भनेको तिमीहरूले देख्नेछौ। (यसको अर्थ पढ्नेहरूले बुझून्)। १६ त्यस बेला यहूदियामा हुनेहरू पहाडतिर भागून्। १७ घरका छतमा हुनेहरू सामान लिन भित्र जाँदैनजाऊन्। १८ खेत-बारीमा

हुनेहरू लाउने लुगासम्म पनि लिन फर्केर घरमा नजाऊन्। १९ त्यस बेला कोखमा या काखमा बालक हुने आमाहरूलाई त झन् बिजोग हुनेछ। २० जाडो महिना र विश्रामको दिनमा भाग्नुनपरोस् भनेर तिमीहरूले परमेश्वरसँग प्रार्थना गर २१ किनभने ती दिनहरूमा आइपर्नेजस्तो आपत् र हाहाकार त संसारको सुरुदेखि अहिलेसम्म भएकै छैन र पछि पनि हुनेछैन। २२ परमेश्वरले ती आपत्का दिनहरू नघटाउनुभएको भए कोही पनि बाँच्न सक्ने थिएनन्। तर आफ्ना छानेका मानिसहरूको कारणले गर्दा उहाँले ती दिन घटाइदिनुहुनेछ।"

घिनलाग्दा वस्तुहरूले नाश गरिनेछ भन्नुको अर्थ घृणास्पद वा अपवित्र तत्वहरूले पवित्र तत्वलाई नाश गर्नु भनेर बुझिन्छ (मत्ती २४:१५)। यरुशलेम मन्दिरको ध्वस्तको बारेमा स्पष्ट रूपमा येशूले भविष्यवाणी गर्नुभएको थियो। इस्राएलको इतिहासमा त्यो दुःखलाग्दो घट्ना ई.सन् ७०मा भएको थियो जब रोमी सैनिकहरूले त्यस शहरलाई ध्वस्त पारेका थिए। यो घट्ना र उहाँको दोस्रो आगमनको घट्नालाई येशूले एकै ठाउँमा जोडिएर चेलाहरूलाई भन्नुभएको थियो। "अबिश्वास र बिद्रोहको प्रतिक यरुशलेम भएको येशूले देख्नुभएको थियो जसले गर्दा परमेश्वरको दण्ड छिट्टो आउनेभएको थियो।"-एलेन जी ह्वाइट, द ग्रेट कन्ट्रोभर्सी, पृ.२२बाट रूपान्तरित।

यरुशलेमको सत्यानाश हुनेबेलामा पनि प्रभुले सबैलाई बचाउन चाहनुभएको थियो। त्यो शहर ध्वस्त हुनुभन्दा अघि चेलाहरूलाई भाग्न येशूले भन्नुभएको थियो भनेर लूकाले लेख्दछः "त्यो समय आउँदै छ जब तिमीहरूले सैनिकहरूले यरुशलेममा घेरा लगाएको तिमीहरूले देख्नेछौ। तब तिमीहरूले थाहा पाउनेछौ कि त्यो शहर नाश हुनै लागेको छ। जो यहूदियामा छन् तिनीहरू पहाडहरूमा भाग्नुपर्छ। जो शहरमा छन् तिनीहरू त्यहाँबाट भाग्नुपर्छ। जो गाउँमा छन् तिनीहरू शहरमा आउन खोज्नुहुन्न। त्यो त्यस समय हुनेछ जब परमेश्वरले यरुशलेमलाई सजायँ दिनुहुनेछ। जसरी लेखिएको छ त्यसै अनुसार सबै थोक सत्यकासाथ पूरा हुनेछ।" (लूका २१:२०-२२ रूपान्तरित)।

जब इसाईहरूले त्यो कुरो यरुशलेममा भएको देखे तब तिनीहरू भागभाग भएर शहरबाट निस्के। येशूले दिनुभएको चेतावनी तिनीहरूले सम्झेका थिए। तर त्यसैवखत, प्रायजसो यहूदीहरू शहरमै बसे र तिनीहरू मारिए। दश लाखभन्दा बेसी यहूदीहरू यरुशलेममा हमला गर्दा मारिए भनेर अनुमान गरिएको छ। ९७,००० यहूदीहरूलाई युद्धबन्दी बनाएर दास हुन लगिएको थियो। "जब

**रोमी सैनिकहरूले यरुशलेमलाई घेरेर केही समय आफ्नो आक्रमणलाई मानिसहरूले अपेक्षा नगरेको अनुसारा निलम्बन गरे हटे त्यसबेला सबै इसाईहरू भागेका थिए। एक जना इसाई पनि त्यसबखत मरिएको थिएन भनिन्छ। तिनीहरू पेला भन्ने शहरमा भागेका थिए। त्यो शहर गलिल तालको १७ माइल वा २७ किलोमिटर पूर्वमा पर्छ। त्यो शहर पहाडको फेदीमा थियो।"-एसडिए बाइबल कमेन्टरी, ठेली ५, पृ. ४९९बाट रूपान्तरित।**

कसैले तपाईंलाई कुनै कुरोको सतर्क गरायो रे तर तपाईंले त्यसको वास्ता गर्नुभएन रे। बाइबलमा भएका अचम्मका प्रतिज्ञाहरूलाई आत्मसात् गर्ने क्रममा त्यसमा उल्लेखित चेतावनीहरू पनि हामीले किन सुन्नु जरुरी छ?

## ४. येशूको दोस्रो आगमन (मत्ती २४:२३-२६)

**मत्ती २४मा यहाँ येशूले उहाँको आगमनको चिन्हको जवाफ चेलाहरूलाई दिनुहुन्छ। त्यसको अर्थ उहाँ राजकिय गौरबका साथ आउने भविष्यवाणी थियो।**

येशूको दोस्रो आगमनभन्दा अरू के के हुनेछन् भनेर चेलाहरूलाई सतर्क गराइको थियो? यो घट्ना विश्वको इतिहासमा कसरी दोहरिरहेको छ? हेर्नुहोस् मत्ती २४:२३-२६ "२३ " 'हेर, मुक्ति दिनुहुने राजा ख्रीष्ट त यहाँ हुनुहुन्छ वा त्यहाँ हुनुहुन्छ' भनेर तिमीहरूलाई कसैले भन्दैमा त्यो कुरा नपत्याओ २४ किनभने यस्ता झूटा ख्रीष्ट र झूटा अगमवक्ताहरू देखापर्नेछन्। तिनीहरूले ठूला-ठूला चिन्ह र अचम्मका कामहरू देखाएर सकेसम्म परमेश्वरले छानेका मानिसहरूलाई पनि झुक्याउनेछन्। २५ "हेर, मैले तिमीहरूलाई यो कुरा अघिबाटै भनिदिएको छु है। २६ मानिसहरूले तिमीहरूलाई 'उहाँ उजाड-स्थानमा हुनुहुन्छ' भने पनि तिमीहरू त्यहाँ नजाओ। तिनीहरूले 'हेर, उहाँ त भित्र कोठामा बस्नुभएको छ' भने पनि तिमीहरू त्यो कुरा नपत्याओ।"

**संसारले देख्ने येशूलाई यहाँ चित्रण गरिएको छः सानो विश्वासीहरूको झुण्डलाई लिएर साधु जस्तो घुमन्ते प्रचारक। तर उहाँको नाउँमा धेरै मानिसहरू आउनेछन् भनेर उहाँले भविष्यवाणी गर्नुहुन्छ। तिनीहरू आफू मसीह वा ख्रीष्टको अवतार हौं भनेर दावी गर्नेछन् र मानिसहरूलाई झुक्याउनेछन्। सयौं वर्षदेखि र आजसम्म त्यस्ता कथित ख्रीष्टहरू आइरहेको हामी पाइरहेकाछौं। परमेश्वरको वचन कतिको सत्य छ भन्ने अझ प्रभावकारी प्रमाण त्यसबाट पनि दिंदछ।**

उहाँको दोस्रो आगमनको स्वरुप कस्तो हुन्छ र त्यसबेला के हुनेछ भनेर मत्ती २४:२७-३१ले कसरी उल्लेख गर्दछ? हेर्नुहोस्, "२७ किनभने आकाशमा पूर्वदेखि पश्चिमसम्म बिजुली चम्किएजस्तै म मानव पुत्र आउँदा हुनेछ। २८ जहाँ सिनु छ, त्यहीं नै गिद्धहरू धुरिन्छन्! २९ "ती आपत्का दिनहरू बितेपछि घाम तुरुन्तै अँध्यारो हुनेछ, जूनले उज्यालो दिनेछैन, ताराहरू आकाशबाट खस्नेछन् अनि आकाश-मण्डलका सबै शक्तिहरू डग्मगाउनेछन्। ३० त्यसपछि आकाशमा मानव पुत्र आउने चिन्ह देखापर्नेछ। मानव पुत्रलाई ठूलो शक्ति र महामहिमाको साथ आकाशको बादलमा आइरहेको देखेर संसारका सबै जातिहरू रुने-कराउने गर्नेछन्। ३१ तुरही फुकिनेछ अनि मानव पुत्रले स्वर्गदूतहरूलाई पृथ्वी र आकाशका चारै कुनामा पठाउनेछन् र परमेश्वरले चुनेकाहरूलाई जम्मा गरेर ल्याउनेछन्।"

**धेरै ख्रीष्ट भनेर दावी गर्दै आउनेछन् भनेर येशूले चेतावनी दिनुभएको थियो। तर आफ्नो आगमनको रूप यथार्थमा कस्तो हुनेछ भनेर येशूले वर्णन गर्नुभएको थियो। प्रथमतः येशूको आगमन कुनै अप्रतक्ष्य वा अनकङ्टार तथा कुनै पर देशमा नभएर व्यक्तिगत र सबैले देख्ने गरि प्रतक्ष्य रूपमा हुनेछन्। अरू कुनै नभएर येशू आफै यस संसारमा फर्केर आउनुहुनेछ। "प्रभु आफै स्वर्गबाट ओर्ल्हनुहुनेछ।" (१ थेस्सोलिनिकी ४:१६ रूपान्तरित)। येशूको आगमन कुनै आदर्श राज्य वा मानव इतिहासमा नयाँ कालरूपमा वा मानव बिचारमा हुने कुरो हो भनेर दावी गर्नेहरूको निम्ति पावलले गरेको सो ठोकुवाले तिनीहरूसँग कडाइकासाथ असहमती जनाउँछ। जसरी आकाशमा बिजुली चम्कँदा सबैले देख्छ त्यसरी नै उहाँको आगमन प्रतक्ष्य वा सबैको आँखाले देख्ने गरेर आउनुहुनेछ। प्रकाशको पुस्तकले भन्दछ, "प्रत्येक आँखाले देख्नेछ" (प्रकाश १:७)। तुरहीको आवाज भन्नाले उहाँको आगमन गोप्य रूपमा नभएर सबैले सुन्ने गरेर ठूलो स्वरको साथ आउनेछ। यस्तो भयानक आवाज हुनेछ कि मरेकाहरू पनि बिउँतिने छ। पहिलो आगमनमा येशूले बेइज्जत सहनुभएको थियो भने दोस्रो आगमनमा उहाँ बिजयी राजाको रूपमा आउनुहुनेछ (प्रकश १९:१६)। उहाँले उहाँको र हाम्रो सबै शत्रुहरूलाई हराएर आउनुहुनेछ (१ कोरन्थी १५:२५)।**

बर्तमान संसारमा अनेकौं समस्याहरू छन्, आतङ्कित बनाउने तत्वहरूले यस संसारलाई माथ गरिरहेका छन्। हामीहरूको भविष्य यस संसारमा निश्चित

छैन। त्यस्तो भएतापनि येशूको दोस्रो आगमनको प्रतिज्ञाले हामीले कस्तो आशा र शक्ति पाउन सक्छौं भनेर सिक्ने?

## ५. जागा भएर बस्ने (मत्ती २४:३६,४२)

**यस संसारमा जन्मेका र जिइरहेका सबै इसाईहरूको निम्ति येशूको आगमन महान् आशाको केन्द्र हुन गइरहेको छ। हामीलाई दिइएको सबै प्रतिज्ञाहरू उहाँको आगमनमामात्र पूरा हुनेछ। उहाँको दोस्रो आगमनबिना हामीहरूको अस्तित्वको अर्थ के छ र? यदि उहाँ आउनुभइन भने, हामीहरू मर्दा बिउँतिने छैनौं। बरू हामीहरूको जीवन र मृत्युले यस धर्तीलाई केवल फोहरमात्र पार्छौं। येशूको दोस्रो आगमनबिना हामीहरूले पाएका सबै आशाहरू, आनन्दका कबूलहरू, प्रतिज्ञाहरू, आस्था, शैतानबाट फुत्किने मुक्तिको वचन आदि सबै धरासयी हुनेछन् र ती केवल झुठो आश्वासनहरूमात्र हुनेछन्। यदि उहाँ आउनुभएन भने उहाँका आलोचकहरू र शत्रुहरूले उहाँको बिरुद्धमा चालेक कदमहरूले सफलता पाउनेछन् (परमेश्वरको भन्दा शैतानको जित सधैं भइरहनेछ, र अन्याय अत्याचार र आतङ्कले यस पृथ्वी प्रदुषित भइरहनेछ)।**

**येशूको आगमनको निम्ति अत्यन्त अपेक्षा गरिरहेको क्रममा कतिपय इसाईहरूले उहाँको आगमनको दिन पनि कतिपय समयमा तोकिरहेको हामी पाउँछौं। उहाँको आगमनमा सबै थोक भरपर्ने भएकोले इसाईहरू उहाँको आगमनलाई हतार मान्नुमा अनौठो ठान्नु आवश्यकता देखिँदैन। तर यो त हामीलाई थाहा भएकै कुरो हो कि उहाँको आगमनको दिनलाई ठोकुवा गरेर तोक्नु बिगतसमय वा अहिले नै किन नहोस् सो गलत सावित भएको थियो र भइनै रहनेछ।**

येशूको आगमनको निम्ति जोश भयो भन्दैमा उहाँको आगमनको दिन तोक्नु किन गलत छ भनेर येशू आफैको वचनले के भन्छ? हेर्नुहोसः "३६ "त्यो दिन र बेला कहिले आइपुग्ने हो, त्यो ठीकसँग कसैलाई पनि थाहा छैन। त्यो त स्वर्गदूतहरू र म पुत्रलाई समेत थाहा छैन। त्यो कुराचाहिँ खालि परमेश्वर पितालाई मात्र थाहा छ। ३७ म मानव पुत्र आउन लाग्ने दिनहरूमा नोआको पालामा भएजस्तै हुनेछ। ३८ त्यस बेला नोआ जहाजमा पसुञ्जेल मानिसहरू भोज-भतेर र बिहेबारी गर्नमा मस्त थिए। ३९ बाढी आएर सबैलाई सखाप पारेर नलैजाँदासम्म तिनीहरूलाई केही थाहै भएन। म मानव पुत्र आउँदा पनि त्यस्तै हुनेछ। ४० त्यस बेला बारीमा काम गरिरहेका दुई जना

मानिसहरूमध्ये एउटा लगिनेछ र अर्कोचाहिँ त्यहीं छोडिनेछ। ४१ जाँतो पिंधिरहेका दुई जना स्त्रीमध्ये एउटी लगिनेछ अर्कीचाहिँ छोडिनेछ। ४२ यसकारण तिमीहरू चनाखो भएर बस किनभने तिमीहरूका प्रभु कुन दिन आउने हो, त्यो तिमीहरूलाई थाहा नै हुँदैन।" (मत्ती २४:३६-४२)।

**येशूको आगमनको ठ्याक्कै दिन हामीलाई थाहा नभएकोले हामीलाई जागा रहन र चनाखो भएर बस्न येशूले आह्वान गर्नुभएको थियो।** उहाँको दोस्रो आगमनको निम्ति जाग रहनु, तयारी भएर बस्नु र चनाखो भएर बस्नुको अर्थ के हो भनेर येशूले यसरी बताउनुहुन्छ "४२ यसकारण तिमीहरू चनाखो भएर बस किनभने तिमीहरूका प्रभु कुन दिन आउने हो, त्यो तिमीहरूलाई थाहा नै हुँदैन। ४३ तर यो कुरा सम्झिराख, चोर आउने बेला थाहा पाएको भए त घर धनी जागा भएर बस्ने थिए र चोरलाई घरमा पस्न दिने थिएनन्। ४४ यसकारण तिमीहरू पनि चनाखो भएर बस! म मानव पुत्र तिमीहरूले नचिताएको बेलामा आउनेछु। ४५ बुद्धिमान् र भरपर्दो भण्डारेचाहिँ कस्तो मानिस होला? जस्तैः मालिकले आफ्नो घरको सबै कामकाजको जिम्मा दिएपछि बुद्धिमान् र भरपर्दो भण्डारेले चाहिँ अरू नोकरहरूलाई ठीक-ठीक समयमा खान दिन्छ। ४६ मालिक फर्की आएर त्यो भण्डारेलाई त्यस्तै काम गरिरहेको भेट्टाउँदा ऊ कति धन्य हुनेछ। ४७ साँच्चै म तिमीहरूलाई भन्छु, मालिकले त्यस भण्डारेलाई आफ्नो सबै धन-सम्पत्तिको जिम्मा दिनेछ। ४८ तर यदि भण्डारे नराम्रो छ र उसले "मेरो मालिक ढीलो गरी फर्की आउँछ" भन्ने ठानेर ४९ जँड्याहाहरूसँग जथाभाबी खाई मातेर अरू नोकरहरूलाई पिट्न थाल्यो भने ५० त्यसको मालिकचाहिँ त्यसले नचिताएको दिन र घडीमा आइपुग्नेछन् ५१ अनि त्यसलाई दण्ड दिनेछन् र नरकमा त्यसको गति कपटीहरूको जस्तै हुनेछ। त्यहाँ त्यसले दाह्रा किट्दै रुवाबासी गर्नेछ!"

**येशूको वचन स्पष्ट छः उहाँ कहिले आउनुहुनेछ सो हामीलाई थाहा छैन। अझ, उहाँ त हामीले अपेक्षा नगरेको समयमा आउनुहुन्छ रे! त्यसकारण उहाँ आउनुहुन्छ भनेर हामी सधैं तयार भएर बस्नु आवश्यक छ।**

**हामीहरूको जीवन आचरण र जीवनशैली यस्तो हुनुपर्दछ कि उहाँ जहिले पनि आउँदा उहाँले हामी तयार भएर बसेको पाउनुहुनेछ। उहाँ आउने समय हामीलाई थाहा त छैन तर त्यसले हामीहरूको बिश्वासको जीवनमा फरक पार्नुहुँदैन। यदी हामी यो सोचमा छौं भने येशूकै वचन अनुसार हामी गलत इसाई भएर बाँचिरहेका हुन्छौंः** *उहाँ आउनुहुने छ तर कहिले आउनुहुनेछ सो*

*हामीलाई थाहा छैन। धेरै धेरै वर्ष भयो उहाँ आउनुभएको छैन न त धेरै वर्ष पछि आउनुहुनेछ। त्यसकारण मेरो मनले जे माग्छ सो गर्न म सक्छु। मेरो विवेकले जे भन्छ सो गर्न मलाई कसले रोक्न सक्छ र?* त्यस मनस्थितिमा नलाग्न येशूले हामीलाई चेतावनी दिनुभएको छ। उहाँ कहिले आउनुहुन्छ सो थाहा नभएतापनि हामी उहाँमाथिको आस्थामा प्रतिवद्ध भएर बस्नुपर्छ किनभने हामीले उहाँलाई प्रेम गर्छौं र उहाँको निति अनुसार जे ठिक छ सो गर्न हामी चाहन्छौं। फेरि अरूलाई अन्याय गर्ने, अत्याचार गर्ने, दमन गर्ने, दुर्व्यवहार गर्ने, आतङ्कित बनाउने, हेप्ने जस्ताहरूको न्याय परमेश्वरले गरिहाल्नुहुन्छ भनेर बाइबलमा जताततै उल्लेख गरिएको कारण उहाँको आगमनको समय हाम्रो निम्ति त्यस्तो सरोकारको विषय हुनजाँदैन। ढिलो होस् वा चाँढो होस्, न्याय त भइहाल्छ नी! (दुधकको दुध पानीको पानी येशूले छुट्याइ हाल्छ नी, हामीले किन हतार गर्ने?)

हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले येशूको दोस्रो आगमन हुन्छ भनेर विश्वास गरेको धेरै भयो। उहाँ आउनु ढिलो भएकोले चर्चको अग्रज स्थानमा बस्नेहरू होस् वा अधिकार पाएर कुनै औहोदामा बसेको किन नहोस् तिनीहरूले मत्ती २४:४८-५१सम्म उल्लेख गरेको दुष्ट नोकर वा अरूहरूलाई आतङ्कित बनाउने र आफूहरू मोजमज्नामा लाग्ने बस्ने हाकिम जस्तो नहुन हामी कसरी यकिन हुने?

## उपसंहारः

मत्ती २४:३४मा येशूले यो पनि भन्नुभएको थियोः "सबै थोक पूरा नहुञ्जेल यो पुस्ता पार हुनेछैन।" यस पदले धेरैलाई अन्यौलमा पारेको छ किनभने येशूले भविष्यवाणी गर्नुभएको सबै कुराहरू उहाँका तत्कालिन श्रोता पुस्तामा पूरा भएको थिएन। बाइबलको विद्वान डाक्टर रिचार्ड लेहमानले आफ्नो पुस्तक द *हान्डबुक अभ सेभेन्थ-डे एडभेन्टिस्ट थियोलोजीमा* यसरी लेख्दछन् "पुस्ता भन्ने शब्द ग्रीक भाषामा हिब्रू शब्द डोर (**dor**)बाट आएको हो। त्यस हिब्रू शब्दको प्रायजसो अर्थ यो हो कि ती मानिसहरूको समूह वा वर्ग हुन् जो हठी र बिद्रोही (भजन ७८:८मा भन्दछः ८ आफ्ना पिता-पुर्खाहरूजस्ता तिनीहरू विद्रोही र आज्ञा नमान्नेहरू बन्नेछैनन्। ती पुर्खाहरूका परमेश्वरमाथि भरोसा कहिल्यै दरिलो थिएन, तिनीहरू उहाँप्रति विश्वासयोग्य रहेनन्)। त्यसकारण येशूले कुनै समय वा दिन तोकेर त्यो सम्बोधन गर्नुभएको थिए। बरू ती दुष्ट मानिसहरूलाई ख्यालमा

राखेर येशूले सम्बोधन गर्नुभएको थियो। पुरानो करारको शब्दसँगै सहमती जनाएर येशूले यस पुस्ता भन्नुभएको थियो जसको अर्थ कुनै समूह वा श्रेणीमा मानिसहरू हुन्। त्यसले समयलाई तोकिएको छैन। दुष्ट पुस्ता भन्दा जो कोहि पनि समावेश हुन्छ जसको चरित्र दुष्ट छ (मत्ती १२:३९, मत्ती १६:४, मर्कूस ८:३८)।"-पृ. ९०४बाट रूपान्तरित। अर्थात्, येशू नआउञ्जेल खराब तथा दुष्टले आफ्नो गतिविधि चालिराख्नेछन्।

**चिन्तनमनन:**

अ. येशूको दोस्रो आगमनको प्रचार गरिरहने हामी एडभेन्टिस्टहरूले उहाँ आउनुभएको ढिलो भएको जस्तो देखिएको सन्दर्भमा हामीहरूले के भन्ने? बिगतका एडभेन्टिस्ट पुस्ताहरूले पनि तिनीहरूकै समयमा येशू आउनुहुनेछ भनेर विश्वास गरेका थिएनन् र? र अहिले पनि हामी धेरैले हामीहरूकै समयमा उहाँ आउनुहुनेछ भनेर के विश्वास गर्दैनौं र? फेरि हामीहरूले हामीहरूकै जीवनमा येशू आउनुहुनेछ भनेर ठोकुवा गर्दा के हामीले पनि दिन तोकिरहेका होइनौं र? येशूको दोस्रो आगमनको बारेमा हामीले कस्तो संतुलित धारणा राख्ने? खराब नोकर वा हाकिमको मनस्थितिमा जस्तो नपर्न हामी के गर्ने (मत्ती २४:४८-५१)? फेरि त्यसैबखत यस संसारमा भएका विभिन्न नराम्रो गतिविधिको प्रत्येक समाचारले येशूको आगमन ढोकैमा छ भनेर ठान्ने गलत धारणाबाट हामी कसरी सजग हुने? येशूको दोस्रो आगमनको निम्ति पर्खेर बस्नेहरूसँग हामीहरूको मनस्थिति कसरी राख्ने?

आ. येशूको आगमनको वर्णनलाई फेरि नियाल्नुहोस्। येशूको दोस्रो आगमनको बारेमा केही प्रचलित र लोकप्रिय धारणाभन्दा त्यो कस्तो फरक छ? त्यसको बारेमा बाइबलमा उल्लेख गरेका पदहरू स्पष्ट छ। यद्यपि, बाइबलमा नसिकाएका कुराहरूलाई कतिपय मानिसहरूले किन विश्वास गर्दछन्? तिनीहरूको धारणासँग मिल्न तिनीहरूले कस्तो तर्क गर्दछन् र तिनीहरूलाई हामीले कसरी जवाफ दिने?

ई. येशूको आगमन छिट्टो होस् भन्दा भन्दै पनि छिटो नहुँदा त्यसमा धिरज भएर कसरी बस्ने? बाइबलमा के पात्रहरू छन् जसले धैर्यतासाथ कतिकुराहरू पर्खेर बसेका थिए? तिनीहरूबाट हामीले के सिक्ने? उहाहरणमा युशूफ, अब्राहम र सारा, कालिब र यहोशू आदि हेर्नुहोस्। प्रकाश ६:९-११मा ढिलोका बारेमा यसरी लेखिएको छः ९ यसपछि थुमाले पाँचौं मोहर खोल्नुभयो र वेदीमुनि परमेश्वरको वचन सुनाएको र उहाँको साँचो साक्षी बनेको कारणले मारिएका विश्वासी सहिदहरूका आत्माहरू मैले देखें। १० उनिहरूले यसो भनेर ठूलो सोरले कराए, "हे पवित्र, सत्य, सर्वशक्तिमान् परमप्रभु! हामीलाई मारेको कारण पृथ्वीका मानिसहरूलाई कहिले न्याय गरी उचित दण्ड दिनुहुनेछ?" ११ यी प्रत्येकलाई एक-एक वटा सेतो पोशाक दिइएको थियो र तिनीहरूलाई यसो भनिएको थियो कि तिमीहरूका सहकर्मी र भाइहरू सबै तिमीहरूजस्तै नमारिउञ्जेल विश्राम गर।